# नेपाल सरकार

# शिक्षक सेवा आयोग

## निम्न माध्यमिक तह, तृतीय श्रेणी, शिक्षक पदको खुला प्रतियोगितात्मक विषयगत परीक्षा - २०८२

**तह: निम्न माध्यमिक तह** — **पूर्णाङ्क: १००**

**समय: ३ घण्टा** — **उत्तीर्णाङ्क: ४०**

**विषय: नेपाली**

**सबै प्रश्नहरु अनिवार्य छन् । प्रत्येक खण्डका लागि बेग्लाबेग्लै उत्तरपुस्तिका प्रयोग गर्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ**

### खण्ड -क

| | |
|---|---|
| **१.** भाषिक सिप शिक्षणको परिचय दिँदै प्रयोगात्मक शिक्षणको महत्व संक्षेपमा उल्लेख गर्नुहोस् । कक्षाकोठामा प्रयोग हुने पढाई सिप शिक्षणका कुनै पाँचवटा क्रियाकलापलाई उदाहरणसहित प्रस्तुत गर्नुहोस् । | **[२.५ + २.५ + ५]** |
| **२.** निम्न माध्यमिक तहमा भाषिक विधा शिक्षणको कस्तो महत्व रहेको छ ? जीवनी शिक्षणमा आवश्यक पर्ने शिक्षण विधि र यसका लागि उपयोग गरिने शैक्षिक सामग्रीहरू उल्लेख गर्नुहोस् । | **[५ + ५]** |
| **३.** कार्यमूलक व्याकरणको परिचय प्रस्तुत गर्दै निम्नमाध्यमिक तहमा व्याकरण शिक्षणको सिकाइ उपलब्धि मापन गर्ने कुनै पाँचवटा विधिहरू उदाहरणसहित उल्लेख गर्नुहोस् । | **[५ + ५]** |
| **४.** सिर्जनात्मक लेखनमध्ये कथा र निबन्ध लेखनमा पाइने समानता र भिन्नता लेख्नुहोस् । 'शिक्षकको दायित्व' शीर्षकमा सिर्जनात्मक लेखन झल्कने करिब १५० शब्दको एउटा अनुच्छेद तयार पार्नुहोस् । | **[५+५]** |
| **५.** नेपाली विषय शिक्षणका लागि सहयोगी सामग्रीमध्ये कुनै एकको परिचय दिनुहोस् । कक्षा -८ को नेपाली विषयको पाठ्यपुस्तकलाई भाषा पाठ्यक्रमका तत्वका आधारमा समीक्षा गर्नुहोस् । | **[३ + ७]** |

### खण्ड -ख

| | |
|---|---|
| **६.** नेपाली भाषाको स्तरीकरणमा व्यक्ति, संस्था र भाषिक आन्दोलनका माध्यमबाट भएका प्रयासको समीक्षा गर्नुहोस् । नेपाली भाषाको स्तरीकरणमा देखिएका समस्या उल्लेख गर्दै निराकरणका उपायहरू सुझाउनुहोस् । | **[५ + २.५ + २.५]** |
| **७.** पहिलो र दोस्रो भाषा शिक्षणका पाइने भिन्नता के के हुन् ? नेपाली भाषालाई दोस्रो भाषाका रुपमा शिक्षण गर्दा आइपर्ने कुनै चारवटा समस्या उल्लेख गर्दै समाधानका उपायहरू लेख्नुहोस् । | **[२ + ४ +४]** |

| | |
|---|---|
| ८. बाल साहित्यलाई परिभाषित गर्नुहोस् । बाल साहित्य र प्रौढ साहित्यमा पाइने भिन्नता लेखी बाल साहित्यका मुख्य चार विशेषताको वर्णन गर्नुहोस् । | [२+४+४ ] |
| ९. शैक्षणिक योजनाको परिचय दिई शिक्षण सिकाइका यसको आवश्यकता र औचित्य पुष्टि गर्नुहोस् । पाठयोजनाका सबै अङ्ग समेटी 'समास' शिक्षणको एउटा पाठयोजना तयार पार्नुहोस् । | [५+५] |
| १०. अक्षराङ्कन पद्धतिको परिचय दिई भाषिक मूल्याङ्कनमा निरन्तर मूल्याङ्कन प्रणालीको प्रभावकारिता विश्लेषण गर्नुहोस् । | [४+६] |